(क) जग्गा सम्बन्धी तेरो मेरो, हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोला सम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराध सम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँच सम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम गर्ने, सुरक्षापेटी हटाउने र खारेज गर्दाको अवस्थामा र सो जरिया सम्बन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४) दफा २९ र ३० अन्तर्गतका उजूरीहरू ।

२. नेपाल राजपत्र भाग ३ मिति २०३६।४।७ को राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उपदफा (१) को अधिकार प्रयोग गरी त्यस जिल्लाको हकमा गठन गरिएको एक सदस्यीय वन संरक्षण विशेष अदालत सो विशेष अदालत कार्यरत रहुन्जेलसम्म उक्त अदालतको अधिकारक्षेत्रभित्र परेको उजूरीहरू समेत लिई कारवाई र किनारा गर्न सुम्पिएको छ ।

३. यस विशेष अदालतको कार्यावधि २०३९ साल आषाढ मसान्तसम्म हुनेछ ।

४. यस विशेष अदालतले आफ्नो मुकाम नवलपरासी, रूपन्देही, कपिलवस्तु जिल्लाभित्र जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ को उपदफा (१), (२), (३) र दफा ११ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको तीन सदस्यीय झापा जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

१. भू. पू. न्यायाधीश, श्री सुरवीर अधिकारी– अध्यक्ष

२. डी. एफ्. ओ., झापा वन डिभिजन कार्यालय– सदस्य

३. जिल्ला न्यायाधीश, झापा जिल्ला अदालत– सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. उक्त विशेष अदालतलाई खण्ड ३१ अतिरिक्ताङ्क ६७ मिति २०३८।१२।१ मा नेपाल राजपत्र भाग ४ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना अनुसार गठित झापा जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिको कार्यक्षेत्रभित्र पर्ने देहायको सम्बन्धमा परेका वा पर्ने उजूरीहरू लिई कारवाई र किनारा गर्ने गरी सुम्पिएको तथा तोकिएको छ।

(क) जग्गा सम्बन्धी तेरो मेरो, हक बेहक र नम्बरीको नलिलले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोला सम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराध सम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँच सम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम गर्ने, सुरक्षापेटी हटाउने र खारेज गर्दाको अवस्थामा र सो जरिया सम्बन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४) दफा २९ र ३० अन्तर्गतका उजूरीहरू।

२. नेपाल राजपत्र भाग ३ मिति २०३६।४।७ को राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उपदफा (१) को अधिकार प्रयोग गरी त्यस जिल्लाको हकमा गठन गरिएको एक सदस्यीय वन संरक्षण विशेष अदालत सो विशेष अदालत कार्यरत रहुन्जेलसम्म उक्त अदालतको अधिकारक्षेत्रभित्र परेको उजूरीहरू समेत लिई कारवाई र किनारा गर्न सुम्पिएको छ।

३. यस विशेष अदालतको कार्यावधि २०३९ साल आषाढ मसान्तसम्म हुनेछ।

४. यस विशेष अदालतले आफ्नो मुकाम झापा जिल्लाभित्र जहाँसुकै पनि कायम गर्न सक्नेछ।

५. नेपाल राजपत्र भाग ३ खण्ड २९ अतिरिक्ताङ्क ५१ (ख) २०३६ साल पौष ११ गते प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित भ. पू. रा. पं. स. श्री गणेशबहादुर खत्री अध्यक्ष भएको ३ सदस्यीय विशेष अदालत विघटन गरी उक्त अदालतबाट किनारा हुन बाँकी सबै मुद्दा प्रस्तुत विशेष अदालतलाई कारवाई र किनारा गर्न सुम्पिएको छ।

आज्ञाले,
ध्रुबवर सिंह थापा
श्री ५ को सरकारको सचिव

१०८

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।